# पाथीभरा याङ्वरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
कोशी, प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन सम्बन्धी बोलपत्र आह्वानको सूचना

(तेस्रो पटक प्रकाशित मितिः-२०८१/१०/०४)

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६) तथा पाथिभरा याङवरक गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ७ र सो सँग सम्बन्धित अनुसूची ६बमोजिम पाथिभरा याङवरक गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८१/०८२ का लागि यस गाउँपालिका क्षेत्र भित्रको तमोर खोला र काबेली खोलाको तोकीएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलन सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्न पाथींभरा याङवरक गाउँपालिका कार्यालयको नाममा पाथींभरा याङवरक गाउँपालिका थेचम्बु, स्थित लक्ष्मि सनराइज बैंक लि., थेचम्बु शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर ०९२०३०००५१ मा बोलपत्र दस्तुर रकम जम्मा गर्नु पर्नेछ ।बोलपत्र पेश गर्न बोलपत्रदाताहरुले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा पाथींभरा याङवरक गाउँपालिका थेचम्बु, स्थित लक्ष्मि सनराइज बैंक लि., थेचम्बु शाखामा रहेको धरौटी खाता नं. ०९२०३०००१६७ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ । वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन मान्य अवधि भएको बैंक जमानत विडवण्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८२ साल जेष्ट मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ र थप जानकारीका लागि पाथीभरा याङवरक गाउँपालिका कार्यालय, थेचम्बु सूचना पाटी, वेवसाईटः- yangwarakmuntaplejung.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय मा ९८६२९१८६९४ सम्पर्क गर्न सकिनेछ

<u>तपसिल</u>

| क्र.स | आय ठेक्का नं. | ठेक्काको विवरण | कुल नदीजन्य पदार्थ उत्खनन तथा संकलन (घ.मिटर) | न्यूतम ठेक्का रकम ( मू.अ कर बाहेक) रू | बोलपत्र फाराम दस्तुर रु | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | **K1k2-01/081/082** | काबेलि खोला (उत्खनन क्षेत्र -१ र २(टारी,सिरुपा) | १३०५०।० | ३२२२८२८।० | ३०००।० | २०८१/१०/११ (दिनको२:० बजे) |
| २ | **K3-02/081/082** | काबेलि खोला (उत्खनन क्षेत्र-०३(काबेलि पुल) | २२५०।० | ५५५६६०।० | ३०००।० | २०८१/१०/११ (दिनको२:० बजे) |

प्रमुख प्रशासकीय अधिकृत

# पाथीभरा याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ

कोशी, प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | T4T5-03/081/082 | तमोर नदि (उत्खनन क्षेत्र-४ र ५(आम्बोटे) | २९८१।० | ७३६१८७।७६ | ३०००।० | २०८१/१०/११ (दिनको२:0 बजे) |
| ४ | K6K7K8-04/081/082 | काबेलि खोला (उत्खनन क्षेत्र-६,७ र ८ (थुम्बेदिन) | २७४८।० | ६७८६४६.०८ | ३०००।० | २०८१/१०/११ (दिनको२:0 बजे) |

शर्तहरु

१. बोलपत्र फाराम पेश गर्दा कम्पनी दर्ता प्रमाण पत्र, मु.अ. कर (VAT) दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी तोकिएको बोलपत्र सम्बन्धी कागजातको दस्तुर नगदै रु. ३०००।०० (पछि फिर्ता नहुने गरी) यस गाउँपालिकाको नाममा पाथीँभरा याङवरक गाउँपालिका थेचम्बु, स्थित लक्ष्मी सनराइज बैंक लि., थेचम्बु शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर ०९२०३००००५१ मा जम्मा गरी भौचर तथा माथि उल्लेखित गरिएका कागजात स्क्यान गरी पेश गर्नु पर्नेछ ।

२. बोलपत्र दाखिला गर्न बोलपत्रदाताहरुले कबोल रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा पाथीँभरा याङवरक गाउँपालिका थेचम्बु, स्थित लक्ष्मी सनराइज बैंक लि., थेचम्बु शाखामा रहेको धरौटी खाता नं. ०९२०३०००१६७ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ। वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन मान्य अवधि भएको बैंक जमानत (विडवण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

३. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पाथिभरा याङवरक गाउँपालिकाको कार्यालयमा प्रथम पटक सूचना प्रकाशित मितिले ८ औ दिनको दिउँसो २:०० बजे खोलिनेछ । साथै बोलपत्रदाता वा निजहरुको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ।

५. बोलपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ। कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. यस गाउँपालिको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

७. बोलपत्रदाताले कबोल रकमको २ (दुई) किस्ता गरी गाउँपालिका कार्यालयलाई बुझाउनु पर्नेछ। पहिलो किस्ता कबोल रकमको ५० प्रतिशत र दोस्रो किस्ता कबोल रकमको ५० प्रतिशत हुनेछ। पहिलो किस्ता वापतको ५० प्रतिशत रकम सम्झौता हुनु अगावै र दोस्रो किस्ता वापतको ५० प्रतिशत रकम २०८१ चैत्र मसान्त सम्म बुझाउनु पर्नेछ । पहिलो किस्ता नगदै र दोस्रो किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको २०८२ साल असार मसान्त सम्म मान्य अवधि भएको पर्फमेन्स वण्ड (बैंक ग्यारेन्टी) सम्झौता हुनु अगावै पेश गर्नु पर्नेछ।

८. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन कार्यालय बाध्य हुने छैन ।

९. ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल जेष्ट मसान्त सम्म कायम हुनेछ २०८२ आषाढ महिना भर नदीबाट उत्खनन् गर्न पाईने छैन तर उत्खनन् तथा संकलन भएका नदीजन्य पदार्थ मौज्दात प्रमाणित गराई बिक्री वितरण गर्न प्रतिबन्ध लगाईने छैन।

१०. ठेक्का अवधि भर बोलपत्रदाताले ठेक्का तोड्न पाउने छैन। बिचैमा बोलपत्रदाताले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिन गई बाँकी अवधीका लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि ठेक्का तोडनु पूर्व बोलपत्रदाताबाट असुल उपर गरिनेछ।

११. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको परिमाण र क्षेत्र भित्र मात्र सिमित रही नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ । सो तोकिएको परिमाण तथा क्षेत्र भन्दा बाहिर गई नदीजन्य पदार्थ निकाल्न पाईने छैन । साथै नदीजन्य पदार्थ उत्खनन् तथा संकलन समय बिहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ । सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन र नदीको मध्यम भागबाट तोकिएको मापदण्ड भन्दा गहिरो नहुने गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ ।

१२.ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन सहित) मापदण्ड, २०७७ पालना गर्नुपर्नेछ ।

१३.गाउँ कार्यपालिकाको कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा तोकिएको तमोर नदी किनाराका देहायका २ वटा र कावेली नदिको ६ वटा घाटगद्दी स्थलहरु बाहेक अन्य स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन । यसरी घाटगद्दी स्थल तोकिएको स्थान बाहेक अन्यत्रबाट नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन गरेको पाईएमा जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानीका साधनहरु जफत समेत गर्न सकिनेछ।

१४. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गर्न तोकिएका ८ (अठ) वटा घाटगद्दी स्थलहरुको अवस्थिति तथा विवरण तपसिल बमोजिम रहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत

# पाथीभरा याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ

कोशी, प्रदेश, नेपाल

<u>तपसिल</u>

| क्षेत्र | स्थानिय घाटको नाम | वडा नं./ नाम | कुल नदीजन्य उत्खनन तथा संकलन(घ.मिटर) | नदिजन्य पदार्थ प्रतिशत(%) | भौगोलिक अबस्थित |
|---|---|---|---|---|---|
| साइट -१ | काबेलि खोला (उत्खनन क्षेत्र -०१) | टारी-०१ | १०५३०।० | ढुंगा :१०%, गिट्टी:१०% बालुवा:८०% | २७.२८७२४४, ८७.७१४७०९ |
| साइट -२ | काबेलि खोला (उत्खनन क्षेत्र-०२) | सिरुपा-०१ | २५२०।० | ढुंगा :८०%, गिट्टी: २०% बालुवा:०% | २७.२८७०४९, ८७.७१०६७० |
| साइट -३ | काबेलि खोला (उत्खनन क्षेत्र-०३) | काबेलि पुल-०२ | २२५०।० | ढुंगा :३५%, गिट्टी: ५% बालुवा:६०% | २७.२८६५५५, ८७.७२४४०१ |
| साइट -४ | तमोर नदि (उत्खनन क्षेत्र-०४) | आम्बेटे<br>०१ | ११८११० | ढुंगा :०%, गिट्टी:०% बालुवा:१००% | २७.३०४०४९, ८७.६८६७९२ |
| साइट -५ | तमोर नदि (उत्खनन क्षेत्र-०५) | आम्बेटे<br>०१ | १८००।० | ढुंगा :१०%, गिट्टी:१०% बालुवा:८०% | २७.३०३१३१, ८७.६८८४६२ |
| साइट -६ | काबेलि खोला (उत्खनन क्षेत्र-०६) | थुम्बेदिन-०६ | २१६०।० | ढुंगा :०%, गिट्टी: ०% बालुवा:१००% | २७.२८३४८३, ८७.८३०२८६ |
| साइट -७ | काबेलि खोला (उत्खनन क्षेत्र-०७) | थुम्बेदिन-०६ | १८३।० | ढुंगा :०%, गिट्टी: ०% बालुवा:१००% | २७.२८४८६६, ८७.८३१९८३ |
| साइट -८ | काबेलि खोला (उत्खनन क्षेत्र-०८ | थुम्बेदिन-०६ | ४५०।० | ढुंगा :०%, गिट्टी: ०% बालुवा:१००% | २७.२८६७१२, ८७.८३२४४३ |

१५. ठेकेदारले कर संकलन गर्ने स्थानमा कर संकलन गरिने नदीजन्य पदार्थहरुको मूल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ। साथै नदीजन्य पदार्थ संकलन गर्ने घाटमा समय र परिमाण खुल्ने गरी होर्डिङ्ग वोर्ड ठेकेदार स्वयमले राख्नु पर्नेछ । यसरी उत्खनन् तथा संकलन गरेको परिमाणको विवरण मासिक रुपमा यस गाउँपालिका कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१६. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन र ढुवानीको लागि प्रयोग हुने सडकहरुमा खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ। सो बाफतको खर्च दाबी गर्न पाईने छैन ।

१७. ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई उक्त रसिदहरु कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरेको रसिदवाट कर उठाईएको पाईएमा कानून बमोजिम कारवाही हुनेछ ।

१८. विपद् व्यवस्थापन तथा अति आवश्यक बाटो मर्मतका लागि गाउँपालिकाले गाउँपालिकाको आफ्नो स्रोत र साधन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी मर्मत गर्न सक्नेछ। उक्त कार्यको लागि कुनै किसिमले बाधा पर्नेछैन ।

१९. ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसारको परिमाण कोशी प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

२०. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

..............................
अभिषेक घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## पाथीभरा याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शेचम्बु, ताप्लेजुङ
कोशी, प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.स | आय ठेक्का नं. | ठेक्काको विवरण | कुल नदीजन्य पदार्थ उतख्न तथा संकलन(घन मिटर) | न्युनतम ठेक्का रकम (मू.अ कार बाहेक) रू | कबोल रकम (मू.अ कर बाहेक)रु | | धरौटि रकम (बोलपत्रदाताले कबोल गरेको अंकको ५ प्रतिशत) रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १ | K1k2-01/081/082 | काबेलि खोला (उत्खनन क्षेत्र -१ र २(टारी,सिरुपा) | १३०५०।० | ३२२२८२८।० | | | | |
| २ | K3-02/081/082 | काबेलि खोला (उत्खनन क्षेत्र-०३(काबेलि पुल) | २२५०।० | ५५५६६०।० | | | | |
| ३ | T4T5-03/081/082 | तमोर नदि (उत्खनन क्षेत्र-४ र ५(आम्बोटे) | २९८१।० | ७३६१८७।७६ | | | | |

## पाथीभरा याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शेचम्बु, ताप्लेजुङ

कोशी, प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | K6K7K8-04/081/082 | काबेलि खोला (उत्खनन क्षेत्र-६,७ र ८ (थुम्बेदिन | २७४८।० | ६७८६४६।०८ | | | | |

**पेश गर्नुपर्ने कागजातहरु :-**

१. फर्म, कम्पनी वा व्यवसाय इजाजतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. बोलपत्र खरिद गरेको रसिद, धरौटीको सक्कल भौचरको स्क्यान प्रति वा बैंक ग्यारेन्टी (विड वण्ड) प्रति ।

३. आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४.उल्लिखित ठेक्काहरु मध्य कुनै एक वा सम्पुर्ण ठेक्कामा आवेदन दिने सकिनेछ।

५. अन्य कुनै थप कुरा वा विवरण भए पेश गर्न सकिनेछ ।

६. बोलपत्रदाता आफु यस अघि कुनैपनि खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा सम्बन्धी कसुरमा आफूले सजाय नपाएको घोषणा गर्दछु भनी हस्ताक्षर गर्ने............................

फर्म (बोलपत्रदाता) को नाम र ठेगाना :-

रजिष्टर्ड नं.:-

प्रोप्राईटरको नाम, थर :-

फोन / सम्पर्क नं.

फर्मको अधिकारिक हस्ताक्षरः-

फर्मलो छापः-

मतिः-